आठबीस नगरपालिका दैलेख

## सेवा प्रदायक संस्थाहरुबाट कृषि तथा पशु विकास सम्बन्धी क्रियाकलाप सञ्चालन गर्न प्रस्ताव आव्हान

प्रथम पटक प्रकाशित मिति २०७४/१२/१३

आठबिस नगरपालिका र प्रयास/हेल्भेटास नेपाल बीच आ.व. २०७४/७५ मा यस नगरपालिकाको बिभिन्न वडाहरुमा कृषि तथा पशु विकास सम्बन्धी निर्दिष्ट क्रियाकलापहरु सेवा प्रदायक संस्था मार्फत सञ्चालन गर्नु पर्ने हुदा कृषि तथा पशु विकास सम्बन्धी क्रियाकलापहरुमा काम गरेको तथा बिकेन्द्रित, सहभागीतात्मक तथा बहुपक्षीय कृषि प्रसार पद्धतिमा कार्य अनुभव भएका संघ, संस्था, फर्म, कन्सलटेन्सीहरुको आवेदनको लागि आव्हान गरिएको छ । योग्यता पुगेका इच्छुक संस्थाहरुले यही २०७४।१२।१९ गते ५ बजे भित्र यस कार्यालयमा आवश्यक कागजातहरु र कार्य अनुभव पेश गर्नु हुन जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलीपल्टसम्म पेश गर्न सकिने छ ।

**समावेश गर्नु पर्ने आवश्यक कागजातहरु:**

१. दैलेख जिल्लामा सम्बन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि
२. नियमित नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि
३. नियमित लेखा परिक्षण गरेको प्रमाणपत्रको प्रतिलिपि
४. मु अ कर /स्थायी लेखा नंबर दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि
५. संस्थाको प्रोफाइल

**कार्य अनुभवमा समावेश बिषयबस्तुहरु:**

१. नेपाल सरकारको तत्कालिन स्थानीय निकायमा रहेर काम गरेको अनुभव भए पुष्टि गर्ने आवश्यक कागजात सहित त्यसका उपलब्धिहरु (आधा पेज) ।

२. बिकेन्द्रित, बहुपक्षीय तथा सहभागितात्मक कृषि प्रसार पद्धतिलाई प्रभावकारी बनाउन संस्थाले खेलेको भूमिका र यसलाई अझ प्रभावकारी बनाउन रणनैतिक तथा नीतिगत सुझावहरु (बढिमा एक पेज) ।

३. कृषि र पशु विकास सम्बन्धी कार्य अनुभवका साथै बिपन्न बर्गमा कृषि तथा पशु विकास सम्बन्धी पहुँच बढाउन अपनाउनु पर्ने नीति तथा रणनीतिहरु र यसका चुनौति र समाधानका उपायहरु ( आधा पेज) ।

४. संविधान प्रदत्त अधिकार अनुसार कृषि र पशु विकास सम्बन्धी क्रियाकलापहरुलाई प्रभावकारी ढंगले नगर तथा वडास्तरमा परिचालन गर्नको लागि सम्बन्धित समिति र परिचालन गर्ने प्रभावकारी बिधि तथा प्रक्रियाहरु (आधा पेज) ।

५. आठबीस नगरपालिकाको सबै वडाहरुमा कृषि तथा पशु विकास सम्बन्धि क्रियाकलापहरु सञ्चालन गर्नको लागि आवश्यक मानव संशाधनको व्यवस्था (बजेट सहित) र स्पष्ट कार्यक्रम कार्यान्वयन प्रक्रिया र रणनीतिहरु (एक पेज) ।

२०७४।१२।१३

(मातृका प्रसाद भट्टराई)
प्रमुख प्रशासकीय अधिकृत

आठबिस नगरकार्यपालिकाको कार्यालय
राकामकर्णाली ,दैलेख
फोन नं.०८९६९०४७५